# प्रथम नेपाली व्याकरणकार वीरेन्द्रकेसरी अर्ज्याल

**प्रेरणा के सी खरेल**

Preprana.kh@gmail.com

Received: June 30, 2024; Revised & Accepted: July 23, 2024

Copyright: Kharel (2024)

This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0International License.

## लेखसार

प्रस्तुत "पहिलो नेपाली व्याकरणकार वीरेन्द्रकेसरी अर्ज्याल" मा वीरेन्द्रकेसरी नेपाली भाषामा व्याकरण लेख्ने पहिलो व्यकरणकार थिए भन्ने सन्दर्भलाई उनका जीवनका विविध पाटाहरुको अध्ययन गरेर पुष्टि गरिएको छ । वीरेन्द्रकेसरीले संस्कृत सिद्धान्तमा आधरित वर्णनात्मक नेपाली व्याकरण लेखेका थिए । जुन "प्राकृत व्याकरण" को नामले प्रसिद्ध छ। यसरी वीरेन्द्रकेसरीले त्यससमय व्यकरण लेखेर पनि तत्काल प्रकाशित गर्न किन सकेनन् र अप्रत्यक्ष रूपमा कसरी उनले आफ्ना व्यकरणका सिद्धान्तहरूलाई जनसमक्ष ल्याएका थिए जस्ता रोचक घटना एवम तथ्यहरूलाई गहिराइबाट अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास यस लेखमा गरिएको छ । नेपाली भाषा र साहित्यको धरातलबाट नियाल्दै वीरेन्द्रकेसरीको ऐतिहासिक पृष्ठभुमि तथा उनका अन्य व्यक्तित्व , लेखकीय एवम कृतिगत व्यक्तित्व तथा उनका सम्पूर्ण लेखन सामग्रीहरूको अध्ययन र विश्लेषणमा यस लेखलाई केन्द्रित गरिएको छ ।

**शब्दकुन्जी** शब्दानुशासन, प्रकरण , नाटिका, वेसरी, संस्कृत , पाण्डुलिपि, विभाजन, विश्लेषण , भाषाशैली, वर्णनात्मक व्याकरण, प्राकृत व्याकरण, सुन्दरी।

## विषय प्रवेश

नेपाली भाषा र साहित्यको जगतमा धेरै स्रष्टा तथा विद्वानहरूले उल्लेखनीय योगदान पुर्याउँदै आएका छन् । त्यसमा पनि नेपाली भाषाको व्याकरणमा कार्य गर्ने स्वदेशी र विदेशी विद्वानहरूको चर्चा गर्दा वीरेन्द्रकेसरी अर्ज्यालको नाम अग्रपंक्तिमा आउँछ । विभिन्न अनुसन्धानहरूले नेपाली भाषामा "प्राकृत व्याकरण" लेख्ने पहिलो विद्वानको रुपमा सुब्बा वीरेन्द्रकेसरी अर्ज्याललाई ठहर गरेको हुनाले पनि उनको नाम अग्रपङ्तिमा आएको हो । त्यसैले वीरेन्द्रकेसरी अर्ज्याल नै नेपाली भाषामा "प्राकृत व्याकरण "लेख्ने पहिलो नेपाली व्याकरणकार हुन् । उनका हस्तलिखित व्याकरण्का पाण्डुलिपिहरु प्राप्त भए पनि विवादास्पद र अप्रमाणित रहेका थिए तर उनी सम्बन्धी गरेका र भएका अनुसन्धानहरूले ती अनगिन्ती प्रश्नहरुको उत्तर दिँदै उनले लेखेका "प्राकृत व्याकरण" नै नेपाली भाषामा लेखिएको संस्कृत सिद्धान्तमा आधारित पहिलो नेपाली व्याकरण भएको पुष्टि गरेको छ । तसर्थ उनलाई नेपाली भाषाका प्रथम नेपाली व्याकरणकारका रूपमा "वीरेन्द्रकेसरी अर्ज्यालको व्याकरणको परिचय" नामक अनुसन्धात्मक ग्रन्थले प्रमाणित गरेको तथ्य पाइएको छ।

## समस्या कथन

वीरेन्द्र्केसरी अर्ज्याललाई पहिलो नेपाली व्याकरणकारको रूपमा कसरी मान्न सकिन्छ ?

## अध्ययनको उद्देश्य

वीरेन्द्रकेसरी अर्ज्याललाई प्रथम नेपाली व्याकरणकारको रुपमा प्रमाणित गर्ने।

## शोधविधि

यस शोधविधिको महत्वपूर्ण एवम मूलस्रोतका रूपमा प्रेरणा खरेलको "वीरेन्द्रकेसरी अर्ज्यालको व्याकरणको परिचय" नामक शोधग्रन्थलाई लिइएको छ । त्यस्तै गरी जयराज आचार्यको "ट्राडिशनल ग्रामर्स: इङलिस एण्ड नेपाली : ए स्ट्डी" उपयोग गरिएको छ । त्यस्तै गरी पुष्कर लोहनीद्वारा प्रकाशित "सुन्दरी" कालको साहित्य शास्त्र वेसरीलाई पनि अध्ययनको स्रोत बनाइएको छ । साथै वीरेन्द्रकेसरीसङ सम्बन्धित अन्य महत्वपूर्ण सूचनाहरू एकीकृत गरिनुको साथसाथै

सम्भव भएसम्म ईश्वर बरालले वैजनाथ सेढाईसङ १० रूपैयामा किनेको भनिएको वीरेन्द्रकेसरीको व्याकरणको बाकी सामग्री भेटियो भने त्यो पनि समावेश गरिने उद्देश्य राखिएको छ। साथै उनको वेसरी लेखमा अनेक छद्म नामहरू लेखेका प्रकरणहरूलाई अध्ययनको मूल सामग्री बनाइएको छ । साथै ती सम्पूर्ण सामग्रीको भाषा वैज्ञानिक अध्ययन र विश्लेषण गरिने उद्देश्य बनाइएको छ । त्यस्तै गरी उनको संस्कृत सिद्धान्तमा आधारित वर्णात्मक प्राकृत व्याकरणको भाषाविज्ञानको सिद्धान्तको आधारमा अध्ययन र विश्लेषण गरिनेछ ।

## परिचयात्मक खण्ड

नेपाली भाषा तथा साहित्यको इतिहासमा धेरै अध्ययन तथा अनुसन्धानका कार्यहरू भएका छन् । नेपाली भाषाको व्याकरणको इतिहासलाई नियाल्ने हो भने नेपाली भाषा र व्याकरणको अध्ययनको सुरुवात् १८२८ मा सुरु भएको देखिन्छ (खरेल, प्रेरणा: वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय, पेज ३२) । त्यस्तै यस भाषाको व्याकरण लेखन कार्य पनि विदेशी विद्वानबाट सुरु भएको देखिनछ । १८७७ मा प्रकाशन भएको एटन नामका विदेशी विद्वानको "ए ग्रामर अफ द नेपाली ल्याङ्ग्वेज" पहिलो पटक लेखिएको नेपाली व्याकरण हो । जुन अंग्रेजहरुलाई नेपाली भाषा सिकाउने उद्देश्यले लेखिएको थियो । त्यसै अन्य विदेशीहरुले पनि नेपाली व्याकरण लेखन, प्रयास गरेको देखिन्छ । त्यस्तै गरी नेपाली व्याकरणको लेखन प्रयासमा स्वदेशी विद्वानमा सर्वप्रथम अमृतनन्द बाँडाको नाम आउँछ । उनले संस्कृत व्याकरणलाई आधार बनाएर नेपाली र नेवारी भाषामा व्याकरण लेखेको थाहा हुन्छ । त्यसपछि मोतिराम भट्टले पनि नेपाली व्याकरण लेखनमा प्रयास गर्दै ५०० शब्दहरु भएको पाण्डुलिपि लेखेका पाइएको छ । उनलाई शब्दकोषको क्षेत्रमा सचेत हुने पहिलो नेपाली विद्वान पनि मानिन्छ ।

## जन्म र बाल्यकाल

वीरेन्द्रकेसरी अर्ज्यालको जन्म काठमाण्डौको नक्साल दरबारमा वि.सं. १९०९ को कार्तिक कृष्णतृतीयाको दिन भएको थियो । वीरेन्द्रकेसरी अर्ज्याल प्रसिद्ध विद्वान दैवज्ञकेशरी अर्ज्यालका

नाति तथा कुलचन्द्रकेशरी अर्ज्यालका जेठा सुपूत्र हुन । उनका भाइको नाम विज्ञानकेशरी अर्ज्याल हुन् ।

वीरेन्द्रकेसरीको बाल्यकाल काठमाण्डौमै बितेको अडकल गरिन्छ । उनले धेरै बसाइ सराइ गर्ने क्रममा काठमाण्डौको भाटभटेनीबाट हाडीगाउँ जाने उत्तरतिर घर किनेका थिए । त्यसपछि उनी त्यहाँबाट नरदेवीमा र त्यसपछि मैतीदेवीमा सरेका थिए । मैतीदेवीको घर भत्किएपछि क्षेत्रपाटी सरेका थाहा हुन्छ। त्यहाँ उनले मखनटोलमा हनुमानको मन्दिर स्थापना गरेबाट उनी हनुमान भक्त थिए भन्ने पनि थाहा हुन्छ । उनको अन्तिम समय त्यहाँ बितेको अनुमान लगाउन सकिन्छ ।

## पारिवारिक पृष्ठभूमि

नेपाली भाषाका विज्ञ वीरेन्द्रकेसरी अर्ज्यालको परिवारको नेपालका इतिहासमा निकै ठूलो महत्व रहेको थाहा हुन्छ । उनी एक शिक्षित एवम् लेखनकार्यमा लागेका परिवारका सदस्य थिए । उनका बाजे दैवज्ञकेशरी अर्ज्यालले नेपाली भाषालाई गोर्खाली भाषा नामसमेत दिएका थिए भनिन्छ । वीरेन्द्रकेसरीका पूर्वज लगायत नातेदारहरुले नेपाली भाषाको उत्थानमा योगदान पुर्याएका देखिन्छ । जसमध्ये शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, देवज्ञकेशरी अर्ज्याल, तथा विद्यारण्यकेसरी अर्ज्याल आदि स्मरणीय छन् ।

वीरेन्द्रकेशरीको जीवनकालमा एकैमात्र श्रीमती रहेको थाहा हुन्छ । उनको श्रीमती एवं जीवन संगिनी शिवप्रियादेवीका मृत्यु उनको मृत्युको निकै पछि मात्र वीरअस्पतालको पछाडि आफ्नै घरमा भएको थाहा हुन्छ। यी दम्पत्तिका उपेन्द्रकेशरी तथा नरेन्द्रकेशरी दुई छोराहरु थिए । जेठा छोराको मृत्यु सानैमा भएको र कान्छो छोरा नरेन्द्रकेशरीबाट दुई छोरीहरु धनमैया र मनमैया भएको थाहा हुन्छ । तीमध्ये धनमैयाको काठमाण्डौ निवासी नरहरि दवाडीका साथ भएको थियो। उनीहरुका तीन छोरा र दुई छोरीहरु भएको थाहा हुन्छ । त्यस्तै अर्को छोरी मनमैयाको विवाह बनारसका कर्मकाण्डी भट्टराई, बाहुन दामोदर भट्टराईका साथ भएको थियो । उनीहरुका दुई छोराहरु भएको थाहा हुन्छ । वीरेन्द्रकेसरीले स्वयं आफैले नातिनीहरुको विवाह गरिदिएका थाहा हुन्छ ।

## पेसा र आजीविका

वीरेन्द्रकेसरी अर्ज्यालले आफनो जीवनकालमा विभिन्न पेसाहरु अपनाएका देखिन्छ । उनले भाटभटेनी निवासी वीरशमशेरका छोरा धर्मशमशेर राणा कहाँ सुब्बा पदमा काम गरेका देखिन्छ । त्यस्तै उनले गोरखापत्रमा करिब १२-१३ वर्षसम्म सहकारी सम्पादक भएर काम गरेका थाहा हुन्छ । उनले गोरखा भाषा प्रकाशिनी समितिका पुस्तक सेन्सर बोर्डका सदस्य भएर पनि काम गरेका थिए । त्यस्तै हालको नख्खुजेल भएको ठाउँमा पहिले टक्सार थियो, त्यहा पनि उनले हाकिम भएर काम गरेका थिए । वीरेन्द्रकेसरीले आफनो पुख्यौली पुरोहित पेसा पनि अपनाएका थिए । त्यस्तै उनका पुर्खाले पुरोहित गर्ने क्रममा उनका बाजे देवज्ञकेशरी अर्ज्याल रणबहादुर शाहका समयमा राजपुरोहित भएका थाहा हुन्छ र उनैले राजा गीर्वाणयुद्दको राज्यरोहरण गराएका थिए ।

जंगबहादुर प्रधानमन्त्री भएपछि उनको राजपुरोहित खोसिएको र बिजयराज पाण्डेलाई राजपुरोहित बनाइएको थियो । त्यस्तै वीरेन्द्रकेसरीले पनि आफ्ना वंशजहरुले जस्तै गुरु पुरोहितका पेसा पनि गरेका थिए ।

वीरेन्द्रकेसरी अर्ज्याल तान्त्रिक विद्याका विज्ञ पनि मानिन्छ । उनको अपार ज्ञान र विद्वता देखेर उनका रिस गर्ने धेरै थिए र उनलाई उनको कार्यहरुबाट बरखास्त गर्ने तथा उनलाई लोकप्रिय हुन नदिनका लागि विभिन्न प्रयासहरु भएको चर्चा पनि रहेको पाइन्छ । त्यसैले गर्दा पनि सम्भवत उनले त्यसबखत आफना ज्ञानको कुरा लगायत “प्राकृत व्याकरण” लेखेका कुरासमेत खुलेर गर्न सकेनन् भन्ने अनुमान लगाउन सकिन्छ । उनलाई पन्छाउनका लागि उनका रिस गर्नेहरुले उनलाई कालपुरुष जस्तो भयानक दानसमेत लिन मजबुर तुल्याइएको इतिहासबाट थाहा हुन्छ । त्यो दान लिएपछि उनले राजारो मुख हेर्न पाउँदैन थिए । यसरी उनलाई राजपरिवारबाट अलग्याउन र कमजोर तुल्याउन खोजिएका थाहा हुन्छ । यसो भएपनि उनले आफनो जीवनकालमा नेपाली साहित्य र व्याकरण लेख्न छाडेनन् । सम्भवत् त्यसलाई प्रकाशित गर्न उनलाई धेरै गाह्रो भएको थियो भन्ने कुराको अनुमान लगाउन सकिन्छ । उनीमाथि सधैभरि षड्यन्त्र र समस्याहरुको पहाड आइपर्ने भएकाले पनि त्यससमय उनको विद्वताले खासै मौलाउने अवसर भने पाएन । उनी बझाङी राजा जयपृथ्वी बहादुर सिंहलाई नेपाली भाषा पढाउने क्रममा उनलाई सिकाउनका लागि व्याकरण

लेखिदिएका थिए भनिन्छ । जुन सम्भवत पछि जयपृथ्वी बहादुर सिंहले “प्राकृत व्याकरण” भनेर प्रकाशित गरेका हुन सक्छन्। उनको उक्त व्यकरणलाई नेपाली भाषामा प्रकाशित प्रथम नेपाली व्याकरण भन्ने गरिन्छ ।

यसरी आफ्नो जीवनकालमा वीरेन्द्रकेसरीले सुब्बा, सम्पादक, गुरु, पुरोहित, हाकिम कर्मचारी संशोधक, लेखक आदि विभिन्न पेसाहरु अपनाएका देखिन्छ ।

**शिक्षा दीक्षा**

वीरेन्द्रकेसरी अर्ज्यालका शिक्षा दीक्षा बनारसमा भएको थाहा हुन्छ । वीरेन्द्रकेसरीले संस्कृतको आचार्यसम्म अध्ययन गरेका थिए । उनी तान्त्रिक विद्याका विज्ञ पनि थिए । उनको घरमा पुस्तकालय थियो भनिन्छ । उनले पुराना कविहरु जस्तै इन्दिरस, विद्यारण्यकेसरी, वीरशाली पन्त, आदिका बारेमा समेत महत्वपूर्ण जानकारी दिन्थे । त्यसैले उनलाई उनको युगका डुलफिर गर्ने कोश पनि भनिन्थ्यो।

**मृत्यु**

काठमाण्डौ नक्साल दरबारमा जन्मेका वीरेन्द्रकेसरी अर्ज्यालको मृत्यु पनि काठमाण्डौँमा नै भएका थियो । उनको जन्म कात्तिकका कृष्ण तृतीयाको दिन भएको थियो भने मृत्यु चाहिँ फागुन कृष्ण तृतीयामा भएको थियो।

तत्कालीन वि.स. १९८८ साल फागुन २५ गतेको गोरखापत्रले त्यसबखत प्रसिद्ध विद्वानको देहवसान शीर्षकमा उनको मृत्युको समवेदना प्रकट गरेको थियो । जसअनुरुप वीरेन्द्रकेसरीको मृत्यु वि.स. १९८२ साल फागुन १३ गते बुधबार फागुन कृष्ण तृतीयाको दिन भएको थियो ।

उनी ध्यानमा बसेका बखत मृत्यु भएको भन्ने भनाइ पनि रहेको छ । मृत्युका बखत उनका अनुहार अत्यन्तै उज्यालो र आँखा तेजिलो देखिएको थियो भन्ने कुरा पनि उक्त गोरखापत्रमा दिइएको छ । जुन कुरा उनका अनुसन्धानमूलक पुस्तक वीरेन्द्रकेसरी अर्यालको व्याकरणको परिचय नामक ग्रन्थको परिशिष्टमा सो गोरखपत्रमा छापिएका उनको समवेदनाको फोटोकपि हेर्न सकिन्छ ।

**वीरेन्द्रकेसरी अर्ज्यालको व्यक्तित्व**

बहुमुखी प्रतिभाका धनी वीरेन्द्रकेसरीले गरेका कार्य र योगदानका आधारमा उनी बहुआयामिक व्यक्तित्वका रूपमा चिनिन्छन् । उनका व्यकितत्वलाई दुई भागमा विभाजन गरी विश्लेषण गर्ने प्रयास गरिन्छ ।

क) लेखक व्यक्तित्व

ख) अन्य व्यक्तित्व

**क) लेखक व्यक्तित्वः** वीरेन्द्रकेसरीको जीवनी हेर्दा उनको जीवन सबैभन्दा बढी लेखन कार्यमा समर्पित देखिन्छ । उनका वंशज पनि यही कार्यमा निपुर्ण भएकाले वीरेन्द्रकेसरीले आफनो जीवनकालमा धेरै भाषा, साहित्य सम्बन्धी लेखहरु लेखेका देखिन्छ । उनको लेखकीय व्यक्तित्वलाई यहाँ उनका लेखकीय योगदानका आधारमा विभाजन गरेर विश्लेषण गर्ने प्रयास गरिएको छ । उनको लेखक व्यक्तित्व चार भागमा विभाजन गर्न सकिन्छ । जस्तै

अ) व्याकरणकार व्यक्तित्व

आ) कवि व्यक्तित्व

इ) नाटककार व्यक्तित्व

ई) समालोचक व्यक्तित्व

**अ) व्याकरणकार व्यक्तित्वः** व्याकरणकार व्यकित्वलाई वीरेन्द्रकेसरी अर्ज्यालको सर्वाधिक उर्बर व्यक्तित्व मान्न सकिन्छ । कुनै पनि नेपाली भाषीले व्याकरण नै नलेखेको त्यस समयमा संस्कृत सिद्धान्तमा आधारित नेपाली भाषाको मौलिक व्याकरण लेखेका थिए । उनले त्यस समय उक्त व्याकरण कुनै भयवश प्रकाशित गर्न नसकेपनि १९६३ मा बनासरबाट प्रकाशित हुने सुन्दरी **पत्रिकामा** आफनो व्याकरणिक नियमहरु दर्शाउँदै 'वेसरी' नामक लेख प्रकाशित गरेका थिए । उनका विभिन्न स्थानबाट प्राप्त व्याकरणका पाण्डलिपिहरुको केही व्याकरणिक नियमहरु ठ्याक्कै सो 'वेसरी' लेखमा दर्शाइएको व्याकरणिक नियमसङ मेल खाएको कुरा उनको उक्त अनुसन्धानात्मक पुस्तकमा चर्चा गरिएको छ (खरेल, प्रेरणाः वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय, २०५७) ।

उक्त अनुसन्धानले उनको एक व्याकरणको अपुरो पाण्डुलिपि जयराज अचार्यले फेला पारेका र अर्को लेखकको नाम र मिति नभएको व्याकरणको पाण्डुलिपि उक्त अनुसन्धानको क्रममा राष्ट्रिय अभिलेखालयमा  प्राप्त भएको कुरा उक्त अनुसन्धानको  मूल ग्रन्थमा प्रस्तुत गर्नाको  साथै सो व्याकरणको पाण्डुलिपि र पुष्कर लोहिनीले प्रकाशन गरेका “”सुन्दरी कालको साहित्यशास्त्र “वेसरी” नामक, पुस्तक दुवै उक्त  अनुसन्धान मूलक ग्रन्थको परिशिष्टमा समावेश गरिएको छ । पुष्कट लोहनीको उक्त पुस्तकले वीरेन्द्रकेसरीका प्राप्त पाण्डुलिपिहरुको तुलनात्मक अध्ययन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका उक्त अनुसनधानबाट थाहा हुन्छ । साथै वीरेन्द्रकेसरीका विवादित उक्त पाण्डुलिपिहरुलाई तिनै “वेसरी” लेखमा प्रयोग भएको व्याकरणिक नियमको आधारमा प्रमाणित गरिएको तथ्य पनि उक्त अनुसन्धानमूलक ग्रन्थमा देख्न सकिन्छ  । यस अर्थमा पनि वीरेन्द्रकेसरी अर्ज्यालले कुनै नेपालीले व्याकरण नलेखेको समयमा नेपाली भाषामा “”प्राकृत व्याकरण””  लेखेर महत्वपूर्ण योगदान दिएका थिए भनी मान्न सकिन्छ  ।

**आ) कवि व्यक्तित्वः** वीरेन्द्रकेसरी अर्ज्याललाई एक सफल कवि मान्न सकिन्छ । उनलाई माध्यमिक कालका श्रृगारिक कवि पनि मानिन्छ । उनले १९६१ मा सूक्तिसुधा र १९७४ मा सुक्तिसिन्धु कवितासङ्ग्रह प्रकाशित गरेका थिए । त्यस्तै उनको १९६३ मा बनारसबाट प्रकाशित हुने ‘सुन्दरी’ पत्रिकामा कविता र लेखहरु प्रकाशित हुने गरेको जानकारी पाइन्छ । त्यस्तै  उनले नेपाली भाषामा मात्र नभई संस्कृत भाषामा  पनि कविता लेख्ने गरेका थाहा हुन्छ । उनले केदारशमशेर थापाको “निर्वेदलहरी” नामक कविताको संशोधकको रूपमा पनि काम गरेका थिए । उनलाई “महाकवि वीरेन्द्रकेसरी”  भनी सम्मानसमेत   गरिएको थाहा हुन्छ । यसबाट उनले  आफनो समयमा प्रशस्त कविता र महाकाव्यसमेत लेखेका  हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

**इ)नाटककार व्यक्तित्वः** वीरेन्द्रकेसरी अर्ज्याल एक नाटककारको रुपमा पनि चिनिन्छन् । उनले ‘अशोक सुन्दरी नाटिका’ र ‘दुर्गा भक्ति तरङ्गिगी नाटक’ हरु लेखेका तथा संशोधन गरेको थाहा हुन्छ । अशोक सुन्दरी नाटिकामा उनले सहलेखकको भूमिका निर्वाह गरेका थाहा हुन्छ । त्यस्तै, केदारशमशेर थापाको ‘दुर्गाभक्ति तरङ्गिणी’ नाटकका वीरेन्द्रकेसरी संशोधक थिए । उनलाई पूर्वीय नाट्यसिद्धान्तको विशिष्ट ज्ञान पनि थियो भनिन्छ ।

**ई)समालोचक व्यक्तित्वः** वीरेन्द्रकेसरी अर्ज्याललाई समालोचकको रूपमा पनि चिन्न सकिन्छ । उनको वेसरी लेखलाई पनि समालोचकीय लेख मान्न सकिन्छ । उनले त्यसमा कविहरुलाई कविता लेख्ने नियमबारे सचेत गराउन खोजेका छन् । त्यस क्रममा उनले व्याकरणको नियम बुझेर कविता लेख्दा राम्रो हुने सुझावका साथ व्याकरणका नियमहरु पनि झल्काएका छन् । उनको विचारमा व्याकरण शास्त्र र काव्यशास्त्रको कोणबाट शुद्ध ठहरिएका कविता नै उत्तम कविता हुन् । यसरी कविहरुको कमी कमजोरी औल्याउँदै उनीहरुलाई सही मार्ग निर्देशन गर्ने क्रममा उनले एक कुशल समालोचकको भूमिका निर्वाह गरेका छन् ।

**ख)अन्य व्यक्तित्व**

वीरेन्द्रकेसरीले आफ्ना जीवनकालमा गरेका कार्यको आधारमा उनको व्याकरणकार, कवि, नाटककार र समालोचक बाहेक अन्य व्यक्तित्व पनि  देखिन्छ । उनी एक कर्मचारी, सम्पादक, शिक्षक, अन्वेषक, **गुरु,** पुरोहित र तान्त्रिकसमेत रहेका कुरा उनको जीवनीको अध्ययनबाट पुष्टि हुन्छ ।

**वीरेन्द्रकसरी** अर्ज्याल**का कृतित्वको परिचय**

वीरेन्द्रकेसरीको जीवनीबाट उनले विविध विधामा कलम चलाएका ज्ञात हुन्छ । साथै अर्ज्यालले व्याकरण, कविता, नाटक र काव्यशास्त्रका क्षेत्रमा उल्लेखनीय योगदान दिएका देखिन्छ । उनका प्रकाशित र अप्रकाशित कृतिहरु रहेका छन् । यहाँ उनको व्याकरण, नाटयकृति, कविता तथा काव्यकृति वा अन्य कृतिका बारेमा केही चर्चा गर्ने प्रयास गरिन्छ ।

वीरेन्द्रकेसरी अर्ज्यालको व्याकरणः वीरेन्द्रकेसरी अर्ज्यालले व्याकरण लेखेका कुराबारे नेपाली साहित्यको वृहत इतिहासमा विभिन्न विद्वानहरुले चर्चा परिचर्चा गरेका छन् । उनको अप्रकाशित एक हस्तलिखित  व्याकरणका पाण्डुलिपि जयराज आचार्यले फेला पारेर आफनो पुस्तक “ट्राडिशन्त ग्रामर्स इङ्गलिस एण्ड नेपालीः ए स्टडी (१९८० ई.) “ को परिशिष्टमा छपाएका छन् । उनले फेला पारेका पाण्डुलिपि हराउन पुगेका तथा त्यसमा वीरेन्द्रकेसरीका नाम नभएकोले सो विवादित बन्न पुगेको थियो । त्यस्तै उनको ‘सुन्दरी’ पत्रिकामा धारा वाहिक रूपमा प्रकाशित “वेसरी” नामक लेख

(१९६३) को अलग-अलग प्रकरणमा उनले व्याकरण पनि समावेश गरेका र ती सम्पूर्ण प्रकरणहरु उनकै भएको प्रेरणा खरेलद्वारा प्रकाशित गरिएको अनुसन्धान मूलक पुस्तक “वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय” बाट प्रमाणित हुन भएकोले नेपाली भाषामा पहिलो लेखिएको व्याकरण तिनै पान्डुलिपिहरूलाई मान्न सकिने र सो प्रथम प्रकाशित भएको चाहिँ “सुन्दरी” पत्रिकामा प्रकाशित ”वेसरी“ लेखमा दिइएको सोही व्याकरणको अम्शलाई मान्न सकिने आधारहरू प्राप्त भएका छन् । त्यस्तै गरि उक्त अनुसन्धानको क्रममा प्रेरणा खरेललाई पनि राष्ट्रिय अभिलेखालयमा एक हस्तलिखित व्याकरणको पाण्डुलिपि प्राप्त भएको र जयराजद्धारा प्राप्त व्याकरणको परिपुरक जस्तो देखिएकोले उक्त अनुसन्धानको क्रममा ती दुवै व्याकरणका पाण्डुलिपि वीरेन्द्रकेसरीको “वैसरी” लेखमा समाहित व्याकरण आदिको तुलनात्मक अध्ययन गरेर ती प्रामाणिक आधारहरू हेर्दा पनि ती प्राप्त पान्डुलिपिहरू वीरेन्द्रकेसरीबाट नै लेखिएको प्रमाणित समेत भएको देखिन्छ । जसआधारमा वीरेन्द्रकेसरी अर्ज्यालले नै सर्वप्रथम नेपाली भाषामा व्याकरण लेखेका र उनी नै नेपाली भाषाका प्रथम व्याकरणकार साबित भएका हुन् ।

त्यस्तै जयराज आचार्यले फेला पारेका वीरेन्द्रकेसरीको व्याकरण केही सरल, विस्तृत र परिमार्जित देखिन्छ भने राष्ट्रिय अभिलेखालयमा फेला परेको वीरेन्द्रकेसरीको व्याकरण, केही क्लिष्ट र अपरिष्कृत देखिन्छ । तसर्थ राष्ट्रिय अभिलेखाल्यमा प्राप्त उनको हस्तलिखित व्याकरणलाई उनको व्याकरण लेखन कार्यको पहिलो प्रयास मान्न सकिन्छ । त्यस्तै गरी संस्कृत व्याकरणलाई शब्दानुशासनम् भन्ने विद्वान पतन्जली हुन् भने नेपाली व्याकरणमा व्याकरणशास्त्रलाई “शब्दानुशासन” भन्ने विद्वान वीरेन्द्रकेसरी अर्ज्याल नै हुन् भन्ने कुरा पनि उनका अनुसन्धानको क्रममा खुल्न आएको देखिन्छ । त्यस्तै उनले आफ्ना व्याकरणका लेखहरूमा प्राकृत शब्दको पनि बढी प्रयोग गरी प्राकृतशब्दानुशासन लेख्ने गरेकोबाट पनि उनका व्याकरणलाई ‘प्राकृत व्याकरण’ भन्न सकिने देखिन्छ । तसर्थ उनको व्याकरणलाई ‘प्राकृत व्याकरण’ नाम दिनु सान्दर्भिक देखिन्छ ।

**नाट्यकृतिः** वीरेन्द्रकेसरी अर्ज्यालको नाटकको क्षेत्रमा पनि योगदान रहेको देखिन्छ । उनले नाटक विधामा लेखक तथा संशोधकको रुपमा योगदान दिएका छन् । केदारशमशेरको ‘दुर्गाभक्ति

तरङ्गिणी नाटक (१९७३)' का उनी संयोजक थिए । १७ भागमा विभाजित उक्त नाटकमा देव, दैत्य र मानव पात्रहरु गरी जम्मा ४० पात्रहरू रहेका छन् । यस नाटकको मूल विषयवस्तु दुर्गाको कथामा आधारित छ । यो नाटकको संरचना पूर्णत पूर्वीय काव्य सिद्धान्तमा आधारित देखिन्छ । यस नाटकको भाषाशैली हेर्दा यो नाटकमा गद्य र पद्य दुवै भाषाशैलीको प्रयोग भएको देखिन्छ । यस नाटकमा गजलको पनि प्रयोग गरिएको छ । त्यस्तै संस्कृतका विविध छन्दहरुको प्रयोग गरी अत्यन्तै सुन्दर ढङ्गमा रचिएको नाटकका संशोधक वीरेन्द्रकेसरी हुन् भने लेखक केदारशमशेर थापा हुन् ।

त्यस्तै उनको अर्को चर्चित नाटक 'अशोक सुन्दरी नाटिका (१९७४)' हो । यस नाटकमा लेखकहरु वीरेन्द्रकेसरी लगायत जीवेश्वर रिमाल, झुमकलाल मिश्र तथा शम्भुप्रसाद ढुङ्गेल आदिका नाम राखिएको छ । त्यो नाटक केही अनौठो ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । यस "अशोक सुन्दरी नाटिका" को विषयवस्तु देव र दैत्यको कथामा आधारित देखिन्छ । यस नाटकमा जम्मा २५ पात्रहरु रहेका छन् । यस नाटकको भाषा शैली, हेर्दा यसमा गद्यशैलीको बढी प्रयोग गरिएको छ । यस नाटकमा करिब १५ छन्दका प्रयोग गरिएको छ ।

काव्यकृतिः वीरेन्द्रकेसरी अर्यालले काव्यकृतिमा पनि कलम चलाएका छन् । उनको श्रृङ्गारिक कविताहरु सुक्तिसिन्धु १९७४ मा प्रकाशित भएका थाहा हुन्छ । साथै उनका केही फुटकर "ओझेलमा परेकाहरु" मा प्रकाशित छन् । अर्ज्याल कविताका संयोजक पनि हुन्। "**छे**कच्छन्द परे नरे" उनको प्रथम प्रकाशित कविता मानिन्छ । त्यस्तै १९६३ को 'सुन्दरी' पत्रिकाको 'समस्यापूर्ति' शीर्षकमा पनि उनका केही पद्यहरु छापिएको थाहा हुन्छ । उनले कविताहरुमा पूर्वीय काव्य शास्त्रको सिद्धान अनुरूप रस, अलङ्कार र गुण रीति जस्ता तत्त्वहरुको उचित समायोजन गरेका छन् । यस अर्थमा उनलाई सक्षम कवि एंव काव्यशास्त्रका चिन्तक मान्न सकिन्छ । उनका 'सुक्तिसिन्धु' र 'निर्वेदलहरी' काव्यकृतिलाई उल्लेखनीय कृति मान्न सकिन्छ । 'सुक्तिसिन्धु' एक श्रृंगारिक कविता हो । तसर्थ उनलाई श्रृंगारिक कवि पनि मान्न सकिन्छ । उनको 'सुक्तिसिन्धु' १९७४ मा प्रकाशित कविता **को**इ सखी नायकलाई भन्छे' मा 'तरुणीपन्' लाई वनमा फुलेको फूलसँग तुलना गरिएको छ । त्यस्तै उक्त कवितामा फूलका रसमा रुचि राख्नेलाई "भँवरा भनी कविताको ग्राहक" लाई 'भँवरा' सँग तुलना गरेका छन् । यसरी उक्त कवितामा 'तरुणीपन्' र 'वनका फूल' तथा ग्राहक र

भँवराजस्ता भिन्दा–भिन्दै वस्तुका बीच पनि सादृश्य मिलाइ उपमा अलङ्कारमा उक्त कविताका पङ्ति प्रस्तुत गरेका छन् । (खरेल, प्रेरणाः वीरेन्द्रकेसरी **अर्ज्याल**को व्याकरण, २०५८, पे.२५) । त्यस्तै उक्त पङ्तिको सोही श्लोकमा मन्दक्रान्ता छन्द्को प्रयोग गरेका छन् । यसरी उही श्लोकमा उपमा अलङ्कार, रस र छन्द्को प्रयोग उचित ढङ्गले समायोजन गर्न सक्नु नै उनको काव्यकला हो । यसबाट पनि वीरेन्द्रकेसरीलाई भाषा र साहित्य दुवैको राम्रो ज्ञात भएको थाहा हुन्छ ।

त्यस्तै 'निर्वेदलहरी' कविताका वीरेन्द्रकेसरी संशोधक र केदारशमशेर रचना रहेको थाहा हुन्छ । संरचनात्मक दृष्टिले 'निर्वेदलहरी' कविता खण्डकाव्यजस्तो देखिएपनि यस कवितालाई खण्ड विभाजन नगरी एउटै खण्डमा काव्यलाई टुङ्ग्याइएको छ । यस कविताका संरचना नियाल्दा कुनै ठोस कथावस्तु देखिदैन । यो कविता कुनै एक प्रार्थनाजस्तो देखिन्छ ।

**अन्यकृति वेसरी**ः संस्कृतका धुरन्धर विद्वान वीरेन्द्रकेसरीले व्याकरण, नाटक र कविताबाहेक पनि अन्य कृतिहरुको रचना गरेका देखिन्छ । १९६३ सालमा बनारसबाट धारावाहिक रूपमा प्रकाशित हुने 'सुन्दरी' पत्रिकामा उनको 'वेसरी' नामक गद्यपद्यात्मक कृति प्रकाशित भएको देखिन्छ । त्यसैले उनको उक्त कृतिलाई अन्यकृति भन्नु औचित्य हुन्छ । यस 'वेसरी' नामक कृतिमा उनको व्याकरणको नियम र पूर्वीय काव्य शास्त्रीय नियमको अनौठो र बेजोड संगम देख्न सकिन्छ। उक्त वीरेन्द्रकेसरीको अनुसन्धानात्मक ग्रन्थमा वेसरी, लेखलाई वेसरी१ , र वेसरी२ गरी दुई भागमा विभाजन गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

वेसरी (१९५३)' को पहिलो प्रकरणलाई वेसरी१ भनी 'श्रीगणेशाय नमःबाट उक्त प्रकरण सुरु भएको र उक्त प्रकरण वीरेन्द्रकेसरीले सुन्दर कविता लेख्न चाहने कविहरुलाई सुझाव दिने उद्देश्यले लेखेका देखिन्छ । यस प्रकरणमा उनले काव्यशास्त्रको अनुष्टुप छन्द र व्याकरण शास्त्रको हलन्त, विशेषण, उद्देश्य र विधेय सम्बन्धी आफ्नो व्याकरणिक अवधारणालाई प्रस्तुत गरेका छन् । उनले यस प्रकरणमा उदाहरणको रूपमा दिएका कविताको केही अंशहरु समावेश भएको पाइन्छ। उनले यस कृतिमा भाषाको नियम तथा काव्यको नियम सिकाउन खोजेका तथा व्याकरणको नियम बुझेर मात्र नियमानुसित ढंगबाट काव्यको रचना गर्नुपर्ने अवधारणा अघि सारेका छन् । तसर्थ

वीरेन्द्रकेसरीको काव्यलाई पनि काव्यको नियम सिकाउने व्याकरण नै मान्न सकिन्छ । उनको यस वेसरी कृतिलाई प्रेरणा खरेलले प्रयोगात्मक व्याकरण पनि पुष्टि गरेकी छन् (खरेल, प्रेरणाः (२०५८) वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय, पे ३०)।

त्यस्तै उनको वेसरीको अर्को प्रकरणलाई वेसरी२ मानिएको छ । यस प्रकरणको लेखकको नाम भने 'पु श्रीगणेशजी शर्मा' जनाइएको छ ।

त्यसो भए पनि यसका लेखक वीरेन्द्रकेसरी नै हुन् भन्ने कुरा उनको गहन अनुसन्धान (खरेल, प्रेरणाः वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय, २०५८) बाट पुष्टि भइसकेको छ ।

त्यस्तै उनले आफ्नो 'सुक्तिसिन्धु' (१९७४ ः १४५) कवितामा आफ्नो नामका साथ "शर्मा" लेखेकाबाट पनि र उनका उक्त "वेसरी" प्रकरणका कविताहरु 'सुक्तिसिन्धु' ११९७४) मा समावेश गरिनुबाट पनि वेसरी१ र वेसरी२ का लेखक उनी नै हुन् भन्ने तथ्य पुष्टि हुन्छ । उक्त अनुसन्धानमा वेसरी१ र वेसरी२ को तुलनात्मक अध्ययन र विश्लेषण गरी सो कुराका पुष्टिसमेत गरिएको छ ।

"वेसरी" लेखमा प्रकाशित तेस्रो प्रकरणलाई वेसरी३ मानिएको छ । उक्त तेस्रो प्रकरण अधुरो र लेखकको नाम नभएको अवस्थामा रहेको छ । यसो भए पनि यस प्रकरणको नाम पनि वेसरी राखिनु, यस प्रकरणमा पनि वेसरी१ र वेसरी२ मा जस्तैअनुष्टुप छन्दको प्रयोग, व्याकरणको वाक्य, पद्य, वर्णविन्यास, भाषिका, शब्दशैली आदिको प्रयोग हुनुले पनि यी तीनवटै वेसरीका लेखक वीरेन्द्रकेसरी नै हुन् भनी उक्त अनुसन्धानले ठहर गरेको छ (खरेल, प्रेरणाः वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय, पे ४० २०५८)।

त्यस्तै गरी उक्त अनुसन्धानले "वेसरी" लेखमा व्याकरणशास्त्र र काव्यशास्त्रको प्रयोग गरी लेखिएकोले उक्त "वेसरी" लेखलाई एक किसिमका भाषा र साहित्यका नियम सिकाउने व्याकरण नै भएकोले 'प्रयोगात्मक व्याकरण' भनी ठहर गरेको छ । विशेषगरी यस लेखलाई वीरेन्द्रकेसरीले कविहरुलाई व्याकरण र काव्यका नियम बुझेर कविता लेख्न सहज गरिदिने हेतुले यो 'प्रयोगात्मक व्याकरण' वेसरी लेख लेखेका देखिन्छ।

त्यस्तै उत्त अनुसन्धानमा वेसरी शब्दको शाब्दिक अर्थ पहिचान गर्न खोजिएको छ र उक्त क्रममा "वेसरी" शब्दको शाब्दिक अर्थ नेपाली भाषामा नपाइएपछि वीरेन्द्रकेसरीको नामको विश्लेषण गरेर

उनले आफ्नो नामकै संक्षेप रूपमा “वेसरी” लेखेका हुनसक्ने कुरालाई अत्यन्तै बौद्धिक ढङ्गले उक्त अनुसन्धानात्मक पुस्तकमा पुष्टि गरिएको छ । जो यस प्रकार रहेको छ ।

वीरेन्द्रकेसरी

वी+रे+न्द्र+के+स+री

व्+ई+र+ए+न्+द्+र्+अ+क्+ए+स्+अ+र+ई

व्+ए+स्+अ+र+ई

वे+स+री = वेसरी

यसरी उक्त अनुसन्धानमा वेसरी र वीरेन्द्रकेसरी बीच रहेको घनिष्ट अन्तसम्बन्धलाई गणितीय हिसाबले विश्लेषण गर्दै “वेसरी” भनेकै वीरेन्द्रकेसरी भनी अर्थ पूर्ण ढङ्गले पुष्टि गरिएको छ । उक्त अनुसन्धानबाट वीरेन्द्रकेसरीको जीवनी, बाल्यकाल, विविध व्यक्तित्व, कृतित्व आदिको झलक पाउनुको साथसाथै वीरेन्द्रकेसरी संस्कृतका धुरन्धर विद्वान मात्र नभई नेपाली भाषा र साहित्यका सेवक पनि रहेका थाहा हुन्छ । त्यस्तै उनले आफनो जीवनकालमा साहित्यकार, व्याकरणकार, लेखक तथा सम्पादकको भूमिका निर्वाह गरेका थाहा हुन्छ ।

**निष्कर्ष**

यसरी वीरेन्द्रकेसरी अर्ज्याल आफ्नो जीवनी कालमा गुरु, पुरोहित, कर्मचारी र तान्त्रिक विद्याको ज्ञाता पनि भएका तथ्यहरु उक्त अनुसन्धानबाट थाहा हुन्छ । यसरी नेपाली भाषा र साहित्यको इतिहासमा वीरेन्द्रकेसरीको उल्लेखनीय योगदान रहेको देखिन्छ भने नेपाली भाषाको व्याकरणको इतिहासलाई हेर्दा नेपाली भाषाव्याकरणमा कलम चलाउने प्रथम नेपाली व्याकरणकारको रुपमा वीरेन्द्रकेसरी अर्ज्यालले आफूलाई स्थापित गरेका देखिन्छ । उनले आफनो समयमा आफूले लेखेका व्याकरणहरु प्रकाशित गर्न आट नगरेका भए पनि उनको फेला परेका व्याकरणका अंशहरु समाहित भएको १९६३ को ‘सुन्दरी’ पत्रिकामा प्रकाशित उनको “वेसरी” लेखले उनलाई प्रथम नेपाली व्याकरणकारका रूपमा स्थापित गर्न मार्ग प्रशस्त गरिदिएको देखिन्छ । तिनै “वेसरी” लेखहरू र उनका प्राप्त प्राकृत व्याकरणका पाण्डुलिपिहरूले उनलाई प्रथम नेपाली

व्याकरणकारका रूपमा प्रमाणित एंव स्थापित गरिदिएको छ । साथै उनका व्याकरणहरुको अध्ययन र विश्लेषण सघन र विस्तृत रूपमा वर्णनात्मक भाषा वैज्ञानिक सिद्धान्तको निगमन विधिको प्रयोग गरी वीरेन्द्रकेसरी अर्ज्यालका प्राकृत व्याकरणहरूको भाषा वैज्ञानिक अध्ययन तथा विश्लेषण गरिने छ ।

**सन्दर्भ सामग्रीः**


अर्ज्याल, वीरेन्द्रकेसरी : (२०५६) ट्रडिशनल ग्रामर्स : इङलिस एण्ड नेपाली : ए स्तडी , नवीन प्रेस प्रकाशन , काठमाडौ (सम्पा. आचार्य ,जयराज)।

खरेल, प्रेरणा : (२०५८)वीरेन्द्रकेसरी अर्ज्यालका व्याकरणको परिचय, डबली प्रेस प्रकाशन , काठमाडौ (प्रकाशक. लक्ष्मण खराल) ।

लोहनी, पुष्कर : (२०४७)”सुन्दरी” कालको साहित्यशास्त्र बेसरी ,सम्पादक पुष्कर लोहनी, प्रजेन्द्र प्रकाशन डिल्लीबजार, काठमाडौ ।